# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/४/३० गते शुक्रवार देखि २०६६/५/४ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८५ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ५४७७ कारोबारबाट ६३ करोड ६५ लाख ७४ हजार रुपैयाँ बराबरका ८ लाख ९७ हजार १ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ६३.५० प्रतिशतले वृद्धि भएको हो । गत साता ४२९८ शेयर कारोबारबाट ३८ करोड ९३ लाख ३८ हजार रुपैयाँ बराबरका ६ लाख ४२ हजार ८ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ४२ करोड ७३ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ६७.१३ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १२.१३ अंकले ह्रास भई अन्तिम दिन ७०९.८२ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ७७२.७० | ४३४.८९ | ३६३.९५ | ६५७.९४ | ९१८.२० | २८१.७८ | ६४८.४५ | ६८४.३६ | ७३१.४२ | ७२१.९५ | १९४.७० | ७०.०१ |
| दोस्रो | ७६४.३६ | ४३४.८९ | ३६३.९५ | ६५७.९४ | ८९६.२३ | २८१.७८ | ६४७.८३ | ६७९.०९ | ७२९.४९ | ७१६.०१ | १९३.१४ | ६९.४० |
| तेस्रो | ७६०.१३ | ४३४.८९ | ३६३.९५ | ६७०.८६ | ८८३.३५ | २८१.७८ | ६४७.३९ | ६७३.०३ | ७३४.३० | ७१५.३५ | १९२.१९ | ६९.०१ |
| चौथो | ७५६.३१ | ४३४.८९ | ३६३.९५ | ६८१.४३ | ८८३.३५ | २८१.७८ | ६४५.९९ | ६७२.१२ | ७२५.३२ | ७१४.४० | १९०.६९ | ६८.७७ |
| पाँचौं | ७५४.६१ | ४३४.८९ | ३६३.९५ | ६६३.८१ | ८७७.६२ | २८१.७८ | ६४१.८१ | ६७३.६६ | ७२०.७६ | ७०९.८२ | १९०.३७ | ६८.५८ |
| परिवर्तन | -१८.०९ | ०.०० | ०.०० | ५.८७ | -४०.५८ | ०.०० | -६.६४ | -१०.७० | -१०.६६ | -१२.१३ | -४.३३ | -१.४३ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ४.३३ अंकले ह्रास भई १९०.३७ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (९ करोड ९३ लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक, शेयर संख्या (२ लाख १४ हजार कित्ता) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी र कारोबार संख्या (८८६ वटा) को आधारमा सिटिजनस् बैंक इन्टरनेशनल अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ९९.३५ |
| २ | नबिल बैंक | ६३.१७ |
| ३ | बैंक अफ काठमाण्डू | ५८.३५ |
| ४ | किष्ट बैंक | ४६.२४ |
| ५ | सिटिजनस् बैंक इन्टरनेशनल | ४४.४६ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | विराटलक्ष्मी विकास वैंक | वोनस | ५०००० कित्ता |
| २ | यूनाईटेड फाइनान्स | वोनस | १५०००० कित्ता |
| ३ | सानिमा विकास वैंक | हकप्रद | ३८४०००० कित्ता |
| ४ | स्टेण्डर्ड फाइनान्स | हकप्रद | ८३४९००० कित्ता |